# झलारीपिपलाडी नगरपालिका कार्यालय

जनसहभागितामा आधारित सौर्य सडक वत्ति कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

( प्रथम पटक प्रकासित मिति २०७३।०७।०८ )

नेपाल सरकार मन्त्रिपरिषद मिति २०७२ साल माघ ८ गतेको निर्णयानुसार जनसहभागितामा आधारित सौर्य सडक वत्ति कार्यक्रम अर्न्तगत नगरपालिका क्षेत्रमा सौर्य सडक वत्ति जडान गर्न ईच्छुक सरकारी कार्यालय/उपभोक्ता समिति/नागरिक सचेतना केन्द/टोल विकास संस्थाहरुवाट आयोजना प्रस्ताव गरी २०७३ साल कार्तिक मसान्त सम्म आयोजना लगानी विवरण फाराम र सम्भाव्यता अध्ययन फाराम सहित श्री संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालय सिहदरवार काठमाण्डौमा पठाउनु पर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रही मिति २०७३ कार्तिक मसान्त सम्म आयोजना प्रस्ताव र सहभागिता व्यहोर्न प्रतिवद्धता गरिएको रकम सहित यस कार्यालयमा पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ ।

शर्तहरु :

१. आयोजना माग गर्ने ईच्छुक सरकारी कार्यालय/उपभोक्ता समिति/नागरिक सचेतना केन्द/टोल विकास संस्थाहरुले आयोजना माग फाराम यस कार्यालयवाट लिई प्रस्तावित आयोजनाको विस्तृत विवरण सहित वैठकको निर्णयको प्रतिलिपी सहित पेश गर्नु पर्नेछ ।

२. आयोजना माग गर्दा निवेदन साथ लागत सहभागिता व्यहोर्न प्रतिवद्धता गरिएको रकम विवरण उल्लेख गर्नु पर्नेछ ।

३. निर्धारित म्याद भित्र दर्ता भएका आयोजना माग गर्ने उपभोक्ता समितिहरुको जनसहभागितामा आधारित सौर्य सडक वत्ति कार्यक्रम स्विकृत भएमा नेपाल सरकारवाट कुल लागतको ६५ प्रतिशत अनुदान उपलव्ध हुने र वाकि ३५ प्रतिशत मध्ये १५ प्रतिशत रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ र वाकि २० प्रतिशत रकम नगरपालिकाले सौर्य वत्ति जडानका लागि स्विकृत भएको वजेटको परिधीभित्र रही वहन गर्नेछ ।

४. निर्धारित म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाहि हुने छैन । विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

.......................

( रघुनाथ अवस्थी )

कार्यकारी अधिकृत

रघुनाथ

कार्यकारी अधिकृत